# मिति २०८२/०८/१५ गते सर्वोच्च अदालतमा पुनरावेदनको निवेदन दर्ता गरिएको मुद्दाको विवरण

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | बिशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदनको निवेदन गर्दा लिईएका आधार र कारण |
|---|---|---|---|---|---|
| १. | शैल्यशिखर नगरपालिका, दार्चुलामा कृषि प्राविधिक अधिकृत पदमा कार्यरत मोहन सिंह धामी र कृषि नायव प्राविधिक सहायक पदमा कार्यरत अशोक सिंह धामी (बिशेष अदालतको मुद्दा नं. ०८१-CR-००१० र फैसला मिति २०८१।०७।२९ | घुस रिसवत लिई भ्रष्टाचार गरेको। | प्रतिवादीहरु मोहन सिंह धामी र अशोक सिंह धामीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ अन्तर्गतको कसूर गरेको पुष्टि भएको हुँदा प्रतिवादीहरु अशोक सिंह धामी र मोहन सिंह धामी लाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुरमा विगो रु.९,१२,०००।- (अक्षरेपि नौ लाख बाह्र हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद गरी सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो वमोजिम जरिवाना सजाय हुन आरोप | **फैसलाः**<br>प्रतिवादीहरु अशोक सिंह धामी र मोहन सिंह धामीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम दामासाहीले हुने बिगो जनही रु.२,०६,०००।-(दुई लाख छ हजार) जरिबाना र ऐ. ऐनको दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम ६ (छ) महिना कैद हुने र बरामद भएको चेक सटही भई प्रतिवादीहरुले रकम प्राप्त गरेको नदेखिंदा सो हदसम्मको विगो दावी पुग्न नसक्ने ठहर गरि फैसला भएको देखिन्छ।<br>**बिशेष अदालतले फैसला गर्दा लिएका आधारः** | १.विशेष अदालत काठमाण्डौवाट प्रतिवादीहरु मोहन सिंह धामी र अशोक सिंह धामीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुरमा जम्मा विगो रु ४,१२,०००।-लाई दामासाही गरि सोही ऐनको दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम जनही रु.२,०६,०००।-(दुई लाख छ हजार) जरिबाना र ६ (छ) महिना कैद हुने ठहर गरि फैसला भएको सो हद सम्म मनासिव नै देखिदा सो हकमा पुनरावेदन जिकिर लिईएको छैन।<br>**२. बिशेष अदालत, काठमाण्डौंबाट वरामद भएको चेकहरुको हकमा विगो दावी पुग्न नसक्ने ठहर गरि भएको फैसला निम्न आधार कारणवाट बदर भागी छ।**<br>क)उजुरवाला निवेदक मिन सिंह रावलले जिल्ला दार्चुला, शैल्यशिखर नगरपालिकाले बालिचन्द कृषक समूह, शैल्यशिखर नगरपालिका वडा न. ६, सल्लेधार पातल तथा पशुपंक्षी कृषक समूह, शैल्यशिखर नगरपालिका वडा न. ५, भगवती कृषक समूह, शैल्यशिखर नगरपालिका वडा न. ३, बलाँच जवत कृषक समूह, शैल्यशिखर नगरपालिका वडा न.१ र त्रिशक्ति महिला कृषक समूह, शैल्यशिखर नगरपालिका वडा न.२ संग प्लाष्टिक टनेल सिट, थोपा सिचाई सेट, स्प्रेयर पम्प, हजारी, थर्मोमिटर, स्प्रिन्कलर, प्लाष्टिक डोरी, गार्डेन पाईप, आरी, सिकेचर, ईन्सेक्ट नेट, मल्चिंग प्लाष्टिक र दाते विड खरिदका लागि सम्झौता गरेको देखिन्छ। उक्त कृषक समूहको लागि निवेदक मिन सिंह रावलले तोकिएको उक्त सामानहरु जिल्ला कैलाली, धननगढी उपमहानगरपालिका वडा न.४ स्थित रहेको आफू बजार प्रतिनिधी भएको सिद्धी रिद्धी एग्रोटेक एण्ड मेसिनरीबाट सप्लाई गरी मिति २०८१।०३।११ गते नगरपालिकाको कृषि शाखामा बुझाएको, सामान बुझाए पश्चात भुक्तानी गर्नुपर्ने रकम नगरपालिकाले सम्बन्धित कृषक क) समूहको नाममा भुक्तानी गरी कृषक समूहले सिद्धी रिद्धी एग्रोटेक एण्ड मेसिनरीका नाममा चेक जारी गरिसकेको अवस्थामा उक्त कृषक समूहहरुले सिद्धी रिद्धी एग्रोटेक एण्ड मेसिनरीका नाममा जारी गरेका चेकहरु शैल्यशिखर नगरपालिकाका कृषि प्राविधिक अधिकृत मोहन सिंह धामी र कृषि नायव प्राविधिक सहायक अशोक सिंह धामीले कृषक समूहहरुबाट संकलन गरी आफुसंग राखी सामान सप्लाई गर्ने आधाकारिक व्यक्तिले आफूले सप्लाई गरी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | मागदावी। | क. उजुरी निवेदन, प्रतिवादीहरु र उजुरकर्ताबीच भएको अडियो/भिडियोको वार्तालाप, प्रतिवादीहरुको वयान, सामान आपुर्तिकर्ता गजेन्द्र बहादुर शाह र रकम दिने मिन सिंह रावलको कागज एवं बकपत्र, बरामदी मुचुल्का समेतका प्रमाणहरुको आधारमा प्रतिवादीहरु मोहन सिंह धामी र अशोक सिंह धामीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसूरमा जम्मा विगो रु ४,१२,०००।– दामासाही गरि जनही रु.२,०६,०००।–(दुई लाख छ हजार) जरिबाना र ६ (छ) महिना कैद हुने। | बुझाएको सामानको भुक्तानीका चेकहरु माग्न जाँदा कृषि प्राविधिक अधिकृत मोहन सिंह धामी र कृषि नायव प्राविधिक सहायक अशोक सिंह धामीले रू.९,१२,०००।- रकमका ५ वटा कृषक समूहबाट जारी भएको चेकको कुल भुक्तानी रकम रु.४५,६०,०००।–(पैत्तालिस लाख साठ्ठी हजार रुपैयाँ) को २५ प्रतिशतले हुन आउने रकम रू.११,४०,०००।–(एघार लाख चालिस हजार रुपैयाँ) घुस/रिशवत माग गरेको देखिन्छ। निबेदकले प्रतिवादीहरुलाई सो रकम नदिँदा कृषक समूहबाट सिद्धी रिद्धी एग्रोटेक एण्ड मेसिनरीका नाममा जारि गरेको चेक निजहरुले आफैसंग राखी कमिसन नदिए अर्को विल भरपाई बनाई अरुलाई नै भुक्तानी गर्ने र फर्मको नाममा समेत भुक्तानी भएका चेकहरु च्यातिदिने भनि पटक-पटक धम्की दिई घुस/रिसवत माग गरेको, निज कृषि प्राविधिक अधिकृत मोहन सिंह धामी र कृषि नायव प्राविधिक सहायक अशोक सिंह धामीले अन्तिममा नगद रू.४,१२,०००।–(अक्षेरुपि चार लाख बाह्र हजार) र बाँकी रु.५,००,०००।–(पाँच लाख रुपैयाँ) को चेक काटेर दिनु भनि घुस रकम मागेकोले निज प्रतिवादी द्धयहरुलाई दिनको लागी निबेदक स्यंले आफैले व्यवस्था गरेको उजुरीमा उल्लिखित नोट नम्वरहरुको विवरण भएको रु.१००० को दरको ४१२ थानले हुने रू.४,१२,०००।- र रू.५,००,०००।–(पाँच लाख) को चेकहरु, कृषि प्राविधिक अधिकृत मोहन सिंह धामी र कृषि नायव प्राविधिक सहायक अशोक सिंह धामीले लिइ सकेकोले घुस/रिसवत माग गरेको अडियो रेकर्ड सहित मिन सिंह रावलले उजुरी निवेदन दिएको देखिएको र सो उजुरी ब्यहोराले समर्थन हुने गरि विशेष अदालतमा बकपत्र समेत गरेको देखिदा उजुरवाला निवेदकको बकपत्रलाइ प्रमाण ऐन २०३१ को दफा १८ बमोजिम प्रमाणमा ग्रहण गरि घुसवाट प्राप्त गरेको दुई थान चेकको रकम रु रू.५,००,०००।–(पाँच लाख) लाई समेत विगो कायम गरि प्रतिवादीहरुअशोक सिंह धामी र मोहन सिंह धामीलाई सजाय गर्नु पर्नेमा उक्त चेकलाई प्रमाणमा ग्रहण नगरि भएको फैसला त्रुटीपुर्ण हुदाँ बदर भागी छ।<br>ख)प्रतिवादीद्धयको साथबाट बरामद भएको चेक थान २ बाट घुस/रिसवत रकम रु.५,००,०००।–प्राप्त गरेको देखिन्छ।उक्त चेकहरु प्रतिवादी मध्येका अशोक सिंह धामीको झोलाबाट बरामद भएको देखिन्छ।प्रतिवादी अशोकसिंह धामीको नाम जारी भएका रु.२,५०,००० ।– रु.२,५०,०००। का २ थान चेक गरि जम्मा रु.५,००,०००।–को |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | ख. प्रतिवादीको झोलाबाट बरामद भएको मध्ये अशोकसिंह धामीको नाममा गजेन्द्र बहादुर शाहले जारी गरेको २ थान चेकहरु सटही भई निजले रकम प्राप्त गरिसकेको अवस्था नभएको, उक्त झोलामा चेकहरु छोडेर चिया पिउन गएको बखत कसैले हालिदिएका होलान आफूहरुलाई थाहा भएन भन्ने प्रतिवादीहरु वयान, घुस रिसवतको सम्वाद मिन सिंह रावलसंग भएको, कृषि सामग्री सप्लाई गरे वापत भुक्तानी प्राप्त गर्ने सिद्धी रिद्धी एग्रोभेट एण्ड मेसिनरीको प्रोपाइटर विस्ना कुमारी सिंह रहेको, उक्त चेक गजेन्द्र बहादुर शाहले जारी गरेको देखिएको अवस्थामा बैंकमा | चेकहरु निवेदक मिनसिंह रावल बजार प्रतिनिधी रहेको, प्रोपाइटर विस्ना कुमारी सिंह रहेको सिद्धी रिद्धी एग्रोटेक एण्ड मेसिनरीको नाम चेकबाट प्रतिवादीअशोक सिंह धामीले भुक्तानी पाउने गरि उक्त सिद्धी रिद्धी एग्रोटेक एण्ड मेसिनरीका प्रोपाइटर विस्ना कुमारी सिंहको पति गजेन्द्र बहादुर शाहले जारी गरेको देखिन्छ। मिन सिंह रावल उक्त सिद्धी रिद्धी एग्रोटेक एण्ड मेसिनरीको बजार प्रतिनिधि रहेको, सिद्धी रिद्धी एग्रोटेक एण्ड मेसिनरीबाट निज मिनसिंह रावलले सम्झौता अनुसारको कृषि सामाग्रीहरु सप्लाई गर्ने भएको निज मिन सिंह रावलसँग प्रतिवादी द्धयले उक्त संझौता अनुसारको कृषि सामाग्री सप्लाई गर्दा घुस रिसवत मागेकोले निज मिनसिंह रावलले आफू बजार प्रतिनिधी रहेको सिद्धी रिद्धी एग्रोटेक एण्ड मेसिनरीका प्रोपाइटर विस्ना कुमारी सिंहको एकासंगोलको पति गजेन्द्र बहादुर शाहका नाउको एन एम बि बैंक धनगढी शाखा र एनआईसि एशिया बैंकका नाउको चेक द्धारा रु. ५,००,०००।– प्रतिवादीहरुलाई उलपब्ध गराएको तथ्य पुष्टी भएको छ। प्रतिवादीलाई घुस रिसवत वापत उपलब्ध गराएको चेकमा सिद्धी रिद्धी एग्रोटेक एण्ड मेसिनरीको प्रोपाइटर विस्ना कुमारी सिंहको एकासंगोलको पति गजेन्द्र बहादुर शाहले जारी गरेको चेक निज मिनसिंह रावलले प्रतिवादी अशोक सिंह धामीलाई दिएको देखिदा उक्त चेक सरोकारवाला फर्म सिद्धी रिद्धी एग्रोटेक एण्ड मेसिनरीसँग संवद्ध व्यक्ति गजेन्द्र बहादुर शाहले निवेदकले भने अनुसार जारी गरेको देखिएको र निज प्रतिवादीहरुले निबेदकबाट भुक्तानी योग्य चेक नै घुसरिसवत वापत प्राप्त गरेको देखिदा बरामद भएको नगद र चेकलाई एक आपसमा घुसरिसवतसँग सम्वद्ध प्रमाणमानी उक्त चेकमा उल्लेखित रकमलाई समेत विगो कायम गरि सजाय गर्नु पर्नेमा चेकको रकम भुक्तानी भई सकेको अर्थ गरि सो चेकको विगो कयम नगरि भएको फैसला त्रुटीपुर्ण हुदाँ बदर भागी छ।<br>ग)यसै सन्दर्भमा ॐकार रियल स्टेट एण्ड हाउजिङ कम्पनी प्रा.लि.समेत विरुद्ध विजयमणी आचार्य (ने.का.प. २०८१ अंकः ७ निर्णय नं. ११३१० चेक अनादर) मुद्दामा "चेकको प्रकृति नगदसरह तत्काल भुक्तानी हुनुपर्ने हुँदा बैंकिङ प्रणाली सञ्चालनका लागि बैंकमा पेस गर्नासाथ चेकको भुक्तानी तत्काल हुनुपर्ने र नभएमा त्यसबाट सिर्जित दायित्व चेक लेख्ने व्यक्तिले वहन गर्नुपर्ने" भनि सिद्धान्त प्रतिपादन भएको देखिन्छ।सोही सिद्धान्त समेतको आधारमा विशेष अदलत, काठमाण्डौवाट नेपाल सरकार विरुद्ध अमृता कोईराला समेत भएको मुद्दा नं. ०८१-CR-०००९ घुस रिसवत मुद्दामा अध्यक्ष माननीय न्यायाधीश श्री अध्यक्ष माननीय न्यायाधीश |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | दाखिला भै भुक्तानी हुने नहुने यकिन नै नभएको चेकलाई विगो कायम गर्नु न्यायसंगत नदेखिदाँ सो हद सम्मको विगो दावी पुग्न नसक्ने। | श्री टेक नारायण कुँवर, सदस्य माननीय न्यायाधीश श्री तेज नारायण सिंह राई र सदस्य माननीय न्यायाधीश श्री राम बहादुर थापाको इजलाशबाट मिति २०८१।१२।०७ मा भएको फैसलामा प्रतिवादी उजुरवालावाट घुस रिसवत वापत लिएको चेकमा उल्लेखित रकमको विगो ठहर गरि प्रतिवादी अमृता कोईरालालाई सजाय भएको अवस्था हुदाँ हुदै विशेष अदालत कै अध्यक्ष माननीय न्यायाधीश श्री अध्यक्ष माननीय न्यायाधीश श्री टेक नारायण कुँवरको इजलाशवाटै प्रस्तुत मुद्दामा फैसला गर्दा प्रतिवादीबाट घुस रिसवतको रुपमा बरामद भएको चेक र सोमा उल्लेखित विगोलाई ग्रहण नगरि सो चेकको हद सम्म दावी नपुग्ने ठहर गरि भएको फैसला स्वयंमा त्रुटीपुर्ण देखिएकोले बदर भागी छ।<br>घ)मिति २०८१-०३-३१ गतेको अडियो सम्बादमा प्रतिवादी अशोकसिंह धामीले “चेकले माने नमाने पनि मेरो नाममा चेक काटिदेउ छ चालिस क्यास दिने भएपछि भन्दा उजुरकर्ता मिनसिंह रावलले एघार दिन सक्दिन भनेको, उजुरकर्ता मिनसिंह रावलले "तपाईलाई पाँच लाख बनाएर दिनु?" भन्दा जवाफमा प्रतिवादी अशोक सिंह धामीले “तपाई चार लाख बनाएर दिनु" र "तपाई दिनु चार क्यास पाँच चेक" भनी मोलमोलाई गरेको सुनिन्छ।यसरी घुस/रिसवत मुद्दामा बरामद भन्दा अगाडी प्रतिवादीहरु र उजुरवाला मिनसिंह रावल बिचमा भएको फोन संवादबाट चेकमा उल्लेख रकम पनि घुसवापतको हो भन्ने तथ्य एकिन भईसकेको, प्रतिवादी र निवेदक बिचमा भएको Digital Communication लाई CD/DVD उतार गरि सोको प्रमाणिक परिक्षण समेत भई सकेको (ने.का.प. २०७८ अंक १ नि.नं.१०६३५) मा प्रतिपादित सिद्धान्त अनुसार उक्त सि.डि.मा उल्लेखित व्यहोरालाई प्रमाणमा ग्रहण गरी प्रतिवादीहरुलाई सजाय गर्नुपर्नेमा चेकलाई प्रमाणमा ग्रहण नगरि भएको फैसला त्रुटीपूर्ण छ।<br>अतः माथि विवेचित आधार र कारण एवं नजिर सिद्धान्तका आधारमा प्रतिवादी मोहन सिंह धामी र अशोक सिंह धामी उपर दावी लिईएको वरामद भएको चेकमा उल्लेखित विगो रु.५,००,०००\|- (अक्षरेपि पाँच लाख) समेत कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम सजाय गरि सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो वमोजिम जरिबाना सजाय हुन सादर अनुरोध छ। |